अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ८ प्रमाणीकरण मिति:२०८३।०३।२६ प्रकाशन मिति:२०८३।०३।२६

## भाग - १

**भजनी नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय संञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८३**

**प्रस्तावनाः** भजनी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भजनी नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " भजनी नगरपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन संवत् २०८३ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

२. **सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त नगर कार्यपालिका, बडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७०,५५,२०,००० (सत्तरी करोड पचपन्न लाख बिस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

(२) आ.व.२०८३/०८४ मा केन्द्र सरकार, प्रदेश सरकार र अन्य दातृ निकायबाट कुनै कार्यक्रम/आयोजनाका लागि थप बजेट प्राप्त भएमा नगर कार्यपालिकाले निर्णय गरी सो बराबरको रकम सञ्चित कोष खाताबाट खर्च गर्न सक्नेछ।

३. **बिनियोजन :** (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त भजनी नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको **२५ प्रतिशत** मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सांवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको **२५ प्रतिशत** भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीक्ति लिनु पर्नेछ ।

४. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था** : (१) प्रचलित कानुनको अधिनमा रही यस ऐन बमोझिम विनियोजन भएको रकम आ.व.२०८३/०८४ को लागि खर्च गर्ने अख्तियारी ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) यस नगरपालिकाको आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम कार्यान्वियन गर्न पारित विनियोजन विधेयकको अनुमानित आर्थिक, सामाजिक, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकाससेवाप्रवाह, वित्तिय व्यवस्थापन र सुशासन लगायत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च शीर्षकअन्तर्गतको बजेट सिमा भित्र रहि नगर कार्यपालिका, बडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अख्तियारी प्राप्त अधिकारीले निर्णय गरी कार्यक्रम तथा बजेट कार्यन्वयन गर्न सक्नेछ ।

३) आ.व.२०८३/०८४ का लागी विनियोजित वजेटको सीमाभित्र रही नगर कार्यपालिकाले निर्णय गरी खर्च शिर्षक मिलान हुने गरी औचित्यताका आधारमा कार्यक्रम तथा आयोजनाहरुमा बजेट बाँडफाँड र संसोधन गर्न सक्नेछ ।

५. **कानुन विपरित विनियोजन भएको नमानिने** : (१) यस ऐनमा भएको विषय यसै ऐन बमोजिम र अन्य विषय प्रचलित कानुन बमोजिम हुने छ ।

(२) यस ऐन बमोजिम कुनै सेवा वा कार्यमा रकम विनियोजन गर्दा प्रचलित कानुन बमोजिम पुर्याउनु पर्ने कुनै प्रकिया पुरा भएको रहेनछ भने त्यस्तो प्रक्रिया पुरा नभएको आधारमा मात्र यसरी विनियोजित रकम कानुन विपरित भएको मानिने छैन ।

अनुसूची-१

दफा २ सँग सम्बन्धित

आ.व.२०८३/०८४ को विनियोजित बजेट

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | चालुखर्च (केन्द्र र वडा तर्फ) | २१३२२२००० | ० | २१३२२२००० |
| २ | नगरस्तरीय योजना | ० | ७०३९२००० | ७०३९२००० |
| ३ | वडास्तरीय योजना | ० | ४८५००००० | ४८५००००० |
| ४ | शशर्त अनुदान पुजीगत (संघिय सरकार ) | ० | २८००००० | २८००००० |
| ५ | शशर्त अनुदान चालु (संघिय सरकार ) | २३९१००००० | ० | २३९१००००० |
| ६ | शशर्त अनुदान पुजीगत (प्रदेश सरकार ) | ० | २६९००००० | २६९००००० |
| ७ | शशर्त अनुदान चालु (प्रदेश सरकार ) | ४०००००० | ० | ४०००००० |
| ८ | विशेष अनुदान (संघिय सरकार ) | ० | ४५००००० | ४५००००० |
| ९ | विशेषअनुदान (प्रदेश सरकार ) | ० | ७६५०००० | ७६५०००० |
| १० | समपुरक अनुदान ( सङ्घीय सरकार) | ० | ४२४००००० | ४२४००००० |
| ११ | समपुरक अनुदान(प्रदेश सरकार) | ० | १३५५६००० | १३५५६००० |
| १२ | समपुरक अन्य | ० | ४०००००० | ४०००००० |
| १३ | कर्मचारी कल्याणकोष | २५००००० | ० | २५००००० |
| १४ | नगर गौरव योजना | ० | १००००००० | १०००००००० |
| १५ | दिगो विकास लक्ष्य कार्यान्वयन | २०००००० | ० | २०००००० |
| १६ | भजनी ठेकी सडक स्तरोन्नती | ० | ११०००००० | ११०००००० |
| १७ | थारु संग्रहालय स्तरोन्नती | ० | ३०००००० | ३०००००० |
| | **जम्मा बजेट रु.** | ४६०८२२००० | २४४६९८००० | ७०५५२०००० |

आज्ञाले,
भोज राज भट्ट
प्रमुख प्रशासकीय अधिकृत